BUDDHISM DIGITAL LIBRARY 2567



# खेन्पो बसन्त गुरुङको आत्मबृतान्त

२०८०

# खेन्पोको बसन्त गुरुङको आत्मबृतान्त

## १. जन्म र मातृभूमिः



मेरो नाम बसन्त कुमार गुरुङ (ज्ञान दोर्जे) लामाको उपनाम हो । मेरो जन्म नेपालको मध्ये पहाडि भेकको लुम्बिनी अञ्चल, गुल्मी जिल्लाको अर्बेनी गाउँ पञ्चायत, हालः काली गण्डकी गाउँ पालिका वडा नं ३ दभौखानीमा संवत २०१० साल पौष महिनाको २९ गते शुक्रकारको दिन पिता बिल बहादुर गुरुङ र माता बल माया गुरुङको कोखबाट भएको थियो । ल्होको गनणामा सर्प बर्ग हो ।

## २. प्रारम्भिक शिक्षाः

यर्थातमा भन्नु पर्दा, २०१७ सालसम्म गाउँ घरमा पाठशाला थिएन । शिक्षाको उज्यालो प्रकाश के हो भन्ने बारेमा गाउँले मानिसहरु अनभिज्ञ थिए । अज्ञानको अन्धकारमा रुमलिरहेको थियो । यसै दौरान, २०१८ सालमा गुल्मी भार्से गाउँमा भारतिय सेनाका भूतपूर्व समूहले उत्शाहकासाथ भारत सरकारको सहयोगमा प्रथम

पटक IAGE: High School (Indian Army Government Education High School) खोल्यो । त्यस स्कुलमा मैले ७ कक्षासम्म अध्ययन गर्ने अवसर मिल्यो ।

## ३. शिक्षण सेवाः

त्यस पछि रुपन्देही, भैरहवाको मेउडीहवामा बाबा आमासंगै बसेर बृटिश क्याम्प पक्लिहवामा पक्लिहावा हाई स्कुलबाट SLC गरे । त्यस पछि रुपन्देहीको शंकर नगरमा स्थापित ‘श्री शारदा प्रा.वि.मा सात वर्षसम्म प्रधानाध्यापक भएर शिक्षाको उज्यालो ज्योति बाल्ने प्रयास गरे । तर, नेपाली समाजमा एउटा शिक्षक प्रतिको दृष्टिकोण र मुल्याङकन कसरी गरिदो रहेछ भन्ने तितो अनुभव पनि भयो । तर, यो कमिकमजोरीहरु सामाजिक चेतनाको कमिले भएको हुनु पर्छ भन्ने मेरो बुझाइ रहेकोछ ।

## ४. उच्च शिक्षाः

यसरी, विद्यालयमा अध्यापन गर्दागर्दै उच्च शिक्षा अध्ययन गर्ने इच्छा जाग्यो । त्यसैले, भारतको इलाहबाद इन्टर कलेजबाट I.A., र इलाहबाद विश्वविद्यालयबाट B.A. स्नातक गरे । अगाडि पढने इच्छा हुँदाहुदै पनि बिबिध कारणहरुबाट अनुकुल हुन सकेन । उपयुक्त मार्ग दर्शन गराउने कल्याणमित्र नभएकाले समय त्यतिकै खेर गइरहेको थियो ।

## ५. प्रवज्य र धार्मिक शिक्षाः



मैले आफ्नो परिचयमा भन्नु पर्दा, मेरो बुबा पनि लामानै थिए । पछि बृटिश आर्मीमा सर्विस गर्नु भयो । दोश्रो विश्व युद्ध पनि लडनु भयो । अन्तमा, सिंगापुर पुलिसबाट अवकास लिनु भयो । उनकै प्रभावबाट आज म यो धरातलमा उभिन सफल भएको छु ।

मैले २०४१ सालमा महासंघनायक भिक्षु ज्ञान सागर रिन्पोछेज्यूबाट बौद्ध परम्पराको शिक्षा अनुसार विधिवत प्रवज्य लिएर शरणगमन, पञ्चशील, बोधिचित्तको आगम र अभिशेष (वाङ) लिएको थिए ।

संवत २०४४ सालमा खेलकुद कार्य क्षेत्रको सिलसिलामा सुदूरपश्चिम महाकाली अञ्चल, कन्चनपुर जिल्लाको महेन्द्र नगरमा पुगे । त्यहाँ रहदा बस्दा, त्यहाँकै हावापानी, परिवेश, सामाजिक, राजनीतिक र धार्मिक कर्म थलो पनि त्यही भयो । यी सबै कर्म र कारणहरुबाट त्यहाँका माटो र समाजमा परिचित भए । त्यसैले, त्यही रमाइलो लाग्यो ।

धार्मिक हिसावले भन्ने हो भने, २०५५ सालमा बौद्ध धर्म सेवा केन्द्रको नामले जिल्लामा संस्था दर्ता गरियो र गुम्बाको नाम 'कञ्चन व्योम कुसुमा स्वर्णद्वीप' गुम्बा राखियो । व्यवस्थापन समितिले मलाईनै गुम्बाको प्रमुख लामा सिफारिस गरे



। स्थानीय बिकास मन्त्रालय अर्न्तगत गुम्बा व्यवस्थापन समितिले पनि प्रमुख लामाको पदमा नियुक्ति गर्यो । यो कार्यभार आजसम्म पनि गथावतै छ ।

## ६. मुर्तिकलामा प्रविणताः

मैले बौद्ध शिक्षाको साथसाथ फाइन आर्ट र मुर्तिकलाको पनि तालिम लिएको थिए । जिविकाको लागि पनि लामो समय यसैमा निर्भर रहेँ । यस दौरान, बुद्धको मुर्तिहरु बनाउने, अन्य देवी देउताहरुको पनि बनाउने र चैत्य बनाउने थुप्रै कामहरु पनि गरे ।

यस दौरान, गुम्बाको सल्लाहकार क्याप्टन पदम बहादुर थापाज्यूको सहयोगबाट आफ्नै गुम्बाको परिसरमा बुद्धको जीवनिमा आधारित जन्मदेखि महापरिनिर्वानसम्मको मुर्ति र आकृतिहरु बनाएको थिए । यस परिसरलाई बुद्ध बाटिका

नामले परिचित छ । यही कलाकारिता मेरो योग्यता, क्षमता, लगनशिलता र परिचय हो । त्यही बाटिकामा मेरो कलाकारिता जिवित रहेको मैले अनुभव गरेको छु ।

**७. वाङ र अभिशेषहरुः**

मैले पुज्यनीय गुरुहरुबाट प्राप्त गरेका प्रशिक्षण, वाङ र अभिशेषहरुः

१. व्योम कुसुमा बुद्ध धर्म संघ, बिशाल नगर गुम्बा, काठमाडौंमा तीन महिनाको तालिम, प्रशिक्षणमा बिभिन्न वाङ, लुङ, ठीको अभिशेष प्राप्त गरेको छु । विशेषता, आचार्य महायोगी रत्नश्री श्रीधर राणा रिन्पोचेज्यू- बाट भ्फोक्छेन परम्पराको चित्त अभिशेष, माध्यमिक परम्पराको चित्त अभिशेष, सूत्र महामुद्रा परम्पराको चित्त अभिशेष, लाम्ड्रे परम्पराको चित्त अभिशेष, फोवा र उत्क्रान्ती योग निर्देशनको अभ्यास गर्ने अवसर प्राप्त गरेको छु ।

२. बौद्ध धर्म सेवा केन्द्र कञ्चन व्योम कुसुमा स्वर्णद्वीप गुम्बाको आयोजनामा संवत २०७५ साल मंगसिर १८, १९, र २० गतेको दिन बिभिन्न पूजा कार्यक्रममा आचार्य महायोगी रत्नश्री श्रीधर राणा रिन्पोछेज्यूबाट सर्वसत्व जगत प्राणीहरुको हितको लागि धर्म देशना र प्रवचनद्धारा अमृत पानका साथै बोधिसत्व अवलोकितेश्वर र ताराको वाङ अभिशेष ग्रहण ।

३. सोही अवसरमा मेरा अग्रजहरुको कृपाले मलाई लोपेनको दीक्षा अभिशेष ग्रहण गर्ने अवसर पनि प्राप्त भयो । गुरुको आर्शिबचन प्रति आभारी छु । गुरुज्यूहरुको सधै सम्मान गर्दछु ।

४. स्याबङ्रुङ रिन्पोछेज्यूबाट हे बज्रको अभिशेष, बज्रयोगिनीको अभिशेष र जम्भलाको अभिशेष ।

५. परम् पावन साक्य ठि्जिन रिन्पोछेज्यूबाट बज्रकिलयको अभिशेष र महाकालको अभिशेष, देहरादून गुम्बामा ।

६. भगवान बुद्धको जन्म भूमि लुम्बिनीमा १५ दिनको पूजामा गुरु र परम् पुज्यनीय चोब्ये रिन्पोछेगुरुज्यूबाट बिभिन्न वाङ, अभिशेष, आर्शिबचन र आर्शिवाद ग्रहण ।

७. अमेरिकाको कोलोराडो स्थित वेस्टमिनिष्टर मिफाम शेद्रा कलेज गुम्बामा सन् २०१९मा परम् पावन साक्य ठि्जिन गुरुज्यूबाट बज्रकिलयको वाङ र अभिशेष लिने अवसर प्राप्त भयो ।

यही वाङ र अभिशेषहरुनै मेरो जीवनको महत्वपूर्ण उपलब्धिहरु हुन् । यसबाट मैले गहिरो अनुभव गर्ने अवसर प्राप्त गरेको छु ।

## ८. मेरो व्यक्तिगत अनुभवः

मेरो शिक्षा नेपाली, हिन्दी, पाली र संस्कृतमा भएकोले त्रिपिटकको अध्ययन गरेको छु। प्रत्येक सुत्र, जातक, गाथा र पदको नेपालीबाट सरल ढंगले व्याख्या र बिश्लेष गर्ने क्षमता राख्दछु। मेरो धर्म देशना, व्याख्या र बिश्लेषणबाट उपासक र उपासिकाहरु कति प्रभावित छन् ? त्यो त म भन्न सकिदन। तर, मैले गरेको कुनै पनि धार्मिक पूजापाठ र कर्मकाण्डहरुमा मेरो यजमानहरु सन्तुष्ट रहेको मैले अनुभव गरेको छु।

मानिस सामाजिक प्राँणी भएकोले जो कोही पनि समाज बाहिरा बस्न सक्दैन । सबै मानिस समुहमा बस्दछन्। यो मानबिय स्वभाव मात्र होइन। आवश्यकता पनि हो। किनभने कुनै पनि काम गर्नका लागि बिभिन्न खालका औजारहरु र जनशाक्तिको आवश्यकता हुन्छ । अर्थात सबै मानिसमा एकै खालको स्वभाव, मानसिकता, योग्यता क्षमता र स्तर हुदैन । एउटै स्कुलमा एउटै कक्षाका पढेका विद्यार्थीहरुमा पनि फरक फरक अंकमा पास भएका हुन्छन्। केही त फेल पनि हुन्छन्। यसबाट के कुराको प्रमाणित हुन्छ भने, सबै मानिसमा एकैखाले योग्यता र क्षमता हुदैन । लेख्न सक्ने मानिसमा बोल्ने क्षमता कम हुन्छ। धेरै बोल्ने मानिसमा लेख्ने बानि कम हुन्छ। धेरै लेख्ने मानिस संकालु हुन्छ। योगमा निपुन हुने मानिस साधनामा कमि हुन सक्दछ।

बौद्ध धर्मका लामागुरुहरुमा पनि यही कुरा लागु हुन्छ । धेरै राम्रो प्रवचन गर्न सक्ने गुरुहरु पूजापाठमा कमजोर हुन्छन् । किनभने उनको नियमित ध्यान प्रवचन कसरी गर्ने ? कस्तो स्टाइलमा गर्ने ? अहिलेको नयाँ मोडल कस्तो आएको छ ? युवा युवतीहरुको मनमा के छ ? के कुराको खोजि गरिरहेको छ ? त्यही कुरालाई आधार बनाएर प्रवचन गर्दा, समय अनुकुल उपयुक्त हुने हुँदा, गुरुहरुले पनि त्यसैमा ध्यान दिएको हुन्छन् । यस अर्थमा हेर्दा, त्यस्ता गुरुहरु पूजापाठ बिधिबाट टाढा भैसकेका हुन्छन् । त्यसैले यजमानीहरुले पनि बुझ्नु पर्ने कुरा के हो भने, तपाइँलाई कस्तो लामा चाहिएको हो ? पूजापाठ गर्ने ? सुत्रपाठ गर्ने ? धर्मदेशना गर्ने ? यस बारेमा स्पष्ट हुन सक्यो भने, तपाइँले भने जस्तो लामा पाउनु हुन्छ । सुन्दाखेरि यो कुरा त्यति मिठो नलाग्ला । तपाइँ मान्नु होस् वा नमान्नु होस् । तितो सत्य र यथार्तता यही हो ।

## ९. धार्मिक यात्राः

मैले भगवान बुद्धको जन्म भूमि पवित्र लुम्बिनी, राजा शुद्धोधनको दरबार कपिलवस्तु, तिलौरकोट, बुद्धत्व प्राप्त पछि माता पितासंग प्रथम भेट, खुदान, क्रकुछन्द बुद्धको जन्मभूमि गोटीहवा, कनकमुनि बुद्धको जन्मभूमि निग्लिहवा, बुद्धको मावली देवदह, बुद्धको अष्टधातु राखिएको स्तुपा रामग्राम, नवलपरासी, बौद्ध, स्वयम्भु फर्पिङ, नमोबुद्ध आदि तिर्थस्थलहरुको दर्शन गरेको छु ।

साथै भारतको नक्कली कपिलवस्तु, गौनरिया युपी, बौद्धगया, सारनाथ, कुशीनगर, बनारस, राजगृह, श्रावस्ती, बैशाली, नालन्दको दर्शन र अवलोकन गरी पुण्य कमाएको छु । यसैमा मलाई पूर्ण विश्वास छ ।

## १०. वर्तमान परिवेशः

साँचो अर्थमा कुरा गर्दा, म ञिङम मतको 'गृहस्ति लामा' परम्पराबाट हुर्केको हुँ । त्यसैले, अमेरिकाको कोलोराडो राज्यको स्टेट बोल्डर शहरमा छोरा बुहारी राजु गुरुङको साथमा बसोबास गर्दै आएको छु । त्यस क्षेत्रमा बुद्ध धर्म सम्बन्धि बिभिन्न कर्मकाण्डहरु गर्नु पर्ने अवस्थामा आवश्यक परामर्श र धर्म देशना पनि गर्दै आएको छु । यहाँ पनि बौद्ध समाज कोलोराडोको नामले संस्था स्थापना भएको छ । संस्थाले जन्मदेखि मृत्युसम्मका पूजापाठ, घर शान्ति पूजा रोग, दोख, व्याधि र दोमाङ पूजा आदि सञ्चालन गर्दै आएका छन् । सन् २०१८ सालदेखि कोलोराडो स्थित वेस्टमिनिष्टरमा मिफाम शेद्रा (कलेज) गुम्बामा गुरु लोपेन रिन्पोछेज्यूको बिभिन्न प्रार्थना, पूजा, प्रवचन, (वाङ) अभिशेषहरु तिब्बति भाषामै पठनपाठन हुने हुँदा, मैले पनि केही सिक्ने अवसर पाएको छु । साथै गुम्बामा बाका टुल्कु रिन्पोछेज्यूबाट अभिशेष ग्रहण गर्ने मौका पनि मिल्यो । यसरी, आफ्नो स्थान र स्तरबाट मेरो औकातले भ्याएसम्मको बुद्ध धर्मको सेवा प्रचार प्रसार गर्ने क्रममा सकृया छु ।

२१औं शताब्दीको माँग भनेकै छोटो, मिठो र सजिलो प्रणालि हो । त्यसैले, यजमानिहरुको माँग अनुसार अनलाइन मार्फत पूजापाठ, ग्रह शान्ति, दोमाङ बाचन र ‘बुद्ध दर्शन’को कक्षा पनि सञ्चालन गर्ने तयारी हुदैछ । २५६७औं बुद्ध जयन्ति पछि कक्षा सञ्चालन हुनेछ ।

यो मानव चोला अत्यन्तै दुर्लभ छ । यस्तो दुर्लभ जीवनलाई **‘बुद्धबचन’** बाचन गर्ने, गराउने, सुन्ने, सुनाउने, छाप्ने, छपाउने सुनौलो अवसर सबैलाई सुगम होस् भन्ने हेतुले चोग डीबी गुरुङ र मेरो संयुक्त प्रयासमा **‘बुद्धबचन’** लाई पेपर र अनलाइन दुबैमा उपलब्ध गराएका छौं । यस भित्र लामा उपलब्ध हुन नसक्ने अवस्थामा कहिले के पढने भन्ने बारेमा पनि सरल भाषामा टिप्पनीहरु राखेको छु ।

आजको यो प्रबिधिको समयमा सबैकुरा डिजिटल हुदै गएकोले बौद्धदर्शनलाई पनि डिजिटलाइज हुनु पर्छ, गर्नु पर्छ भन्ने मान्यतालाई अगाडि सारेर अमेरिकाका हामी

BUDDHISM DIGITAL LIBRARY 2567

BUDDHISM
DIGITAL LIBRARY

The mission of Buddhism Digital Library (BDL) is to create an online digital space for learning and sharing together. Welcome everyone to join with us to promote wisdom, peace, compassion, and social harmony among all sentient beings.

Visit our website:
www.buddhismlibrary.org

पाँचजना साथीहरु मिलेर Buddhism Digital Library स्थापना गरेकाछौं । अहिले गृहकार्यमै लागिरहेकाछौं ।

यसको मूल उद्देश्य भनेको बौद्धदर्शनलाई नेपाली सरल भाषामा अनुवाद गरी, सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुलाई डिजिटल मार्फत सहज रुपमा उपलब्ध हुन सकोस भनेर www.buddhismlibrary.org सञ्चालन गर्ने प्रयास गरेकाछौं । सुरुका दिनहरुमा प्राबिधिक र ब्यस्थापनका कारण हामीले चाहे जसोरी पुस्तकहरु उपलब्ध गराउन सकेका छैनौं । तर, बिस्तारै उपलब्ध हुदै जानेछ भन्ने कुरामा आशावादी छौं । अहिले हामी हिमाली उमे लिपिमा लेखिएको गुरुङको परम्परागत मौलिक शास्त्र (तमूत्हेँक्ष्योए)लाई नेपाली भाषामा अनुवाद गर्ने प्रयासमा छौं । भवतु सर्व मंगलम् ।

खेन्पो बसन्त गुरुङ (ज्ञान दोर्जे)
संस्थापक बौद्ध समाज, कोलोराडो
२५६७औं बुद्ध जयन्ति, २०८०
अगस्त १४, २०२३

Email: gurungbasant1954@gmail.com
www.buddhismlibrary.org
Phone: 01 303 642 6439
01 720 280 0892